# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)


पत्र संख्या :

चलानी नं. :

## प्रेस विज्ञप्ति

कोभिड महामारीको विषम परिस्थितिमा पनि गत वर्ष धितोपत्रको दोस्रो बजारमा उत्साहजनक कारोबार भएको छ । आ.व. २०७७/७८ मा कारोबार रकम, बजार परिसूचक, लगानीकर्ताको सहभागितामा उल्लेख्य सुधार भएको देखिन्छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से)ले २०७५ कात्तिक २० देखि पूर्ण स्वचालित अनलाईन कारोबार प्रणाली (नट्स) सञ्चालनमा ल्याएदेखि दोस्रो बजार कारोबारमा सकारात्मक परिवर्तनहरु देखा परेको विश्वास हामीले लिएका छौं ।

**आर्थिक वर्ष २०७७/७८ का प्रमुख गतिविधि**

- नेपाल सरकारको आर्थिक वर्ष २०७७/७८ को बजेटमा उल्लेखित नेप्सेको संरचना सुधार गर्ने कार्यक्रम बमोजिम पुनर्संरचनाका विभिन्न विकल्प सहितको प्रतिवेदन अर्थ मन्त्रालयमा पेश गरिएको ।
- सूचीकरण, सुपरिवेक्षण कारोबार लगायत बजार सञ्चालनका विविध पक्ष, लेखा,कानुन, प्रशासन, जोखिम, सूचना प्रविधिको ज्ञान अद्यावधिक गराउन विभिन्न किसिमका तालिम, छलफल कार्यक्रममा कर्मचारीलाई सहभागी गराइएको ।
- पुँजीबजार साक्षरता सम्बन्धी सचेतनाका लागि जानकारीमूलक श्रव्य, दृश्य तथा पाठ्य सामाग्रीहरु उत्पादन गरी प्रसारण/प्रकाशन गरिएको ।
- प्रत्येक प्रदेशमा सचेतना कार्यक्रम सञ्चालन गर्ने तय भएकोमा कोभिड महामारीका कारण सबै प्रदेशमा स्थलगत रुपमा कार्यक्रम सञ्चालन गर्न नसकिए पनि सुदुर पश्चिम, लुम्बिनी, गण्डकी, वागमती, कर्णाली प्रदेश र प्रदेश २ मा स्थलगत इन्टरनेटका माध्यमबाट गैरस्थलगत रुपमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिएको ।


पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।

P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.

Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538

email : info@nepalstock.com

- हरेक क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागीतालाई जोड दिने उद्देश्यले युएन वोमनको आह्वानमा नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले International Finance Corporation, UN Global Compact, Sustainable Stock Exchanges Initiative, World Federation of Exchanges, Women in ETFs सँगको सहकार्यमा मिति २०७७/१२/१२ गते 'रिंग द बेल फर जेन्डर इक्वालिटी, २०२१' कार्यक्रम आयोजना गरेको ।
- कोभिड-१९ महामारीलाई दृष्टिगत गर्दै भौतिक दूरी कायम राखी दोस्रो बजार कारोबार गर्न/गराउन, नेप्सेले अनलाईन कारोबारलाई थप सहज बनाउने तथा नेप्से तथा सदस्य दलाल व्यवसायीले प्रदान गर्दै आइरहेको सेवालाई मानवीय सम्पर्क यथासम्भव कम गरी सञ्चालन गर्ने उद्देश्यले केही नयाँ व्यवस्थाहरु गर्ने क्रममा लगानीकर्ताले अनलाईन कारोबार गर्नका लागि युजरनेम र पासवर्ड लिने तथा ग्राहक पहिचान विवरण (केवाइसी) लाई अद्यावधिक गर्न सम्पूर्ण सदस्य दलालहरुको टिएमएस लिंकमा https://newweb.nepalstock.com.np/brokers) अनलाईन रजिस्ट्रेसन सुविधा उपलब्ध गराइएको । नेप्सेको अनलाई कारोबार प्रणालीलाई सिडिएसएन्ड क्लियरिङ लिमिटेड तथा नेसनल क्लियरिङ हाउस लिमिटेडमार्फत ७५ बैंक तथा वित्तीय संस्थासँग आवद्ध गरिएको ।
- लगानीकर्ताले अनलाइन कारोबारका क्रममा सामना गर्ने आकस्मिक समस्या तत्काल समाधान गर्ने गरी अनुबन्धमा छुट्टै सहयोगी समूहको व्यवस्था गरिएको ।
- मिति २०७७/११/१६ देखि लागु हुने गरी केही सूचीकृत कम्पनीको समूह विभाजनमा हेरफेर तथा नयाँ समूहको व्यवस्था गर्नुका साथै सोही अनुरुप समूहगत परिसूचक गणना थालिएको । तत्कालिन अवस्थामा नेप्सेमा सूचीकृत २१८ कम्पनीहरुलाई १२ वटा


पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।
**P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : info@nepalstock.com**

समूहका समूहगत परिसूचक कायम गरिएको । परिवर्तीत व्यवस्था अनुसार आगामी दिनमा नेप्सेले 'म्युचुअल फन्ड', 'सेन्सेटिभ', 'सेन्सेटिभ फ्लोट' 'नेप्से फ्लोट' र समग्र बजार परिसूचक 'नेप्से' गरी १७ वटा परिसूचक गणना र प्रकाशन गर्नेछ । साबिकको 'अन्य' समूहमा रहेका ८ वटा कम्पनीमध्येबाट ४ वटा कम्पनीलाई 'लगानी' समूहमा राखी नयाँ समूह बनाइएको छ । यस्तै साबिकको होटल्स् समूहको नाम परिवर्तन गरी 'होटल्स तथा पर्यटन' समूह बनाइएको ।

- सूचीकरण तथा कारोबार सम्बन्धी विनियमावली र त्यस अन्तर्गत विभिन्न कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको । कारोबार विनियमावलीमा संशोधन गरी टिक साइज र प्रारम्भिक सत्रमा कायम हुने मूल्यको सीमा परिवर्तन गरिएको छ ।
- आन्तरिक नियन्त्रण प्रणाली तथा अनुपालनालाई सुदृढ बनाउन कार्यविधित तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको । धितोत्र व्यापारी (स्टक डिलर) कार्य सञ्चालन कार्यविधि, २०७७ कार्यान्वयनमा ल्याइएको ।
- सूचना प्रविधि नीति तर्जुमा गरी लागु गरिएको । तथ्यांक प्रयोग सम्बन्धी कार्यविधि तर्जुमा गरी स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको ।
- सिन्धुपाल्चोकस्थित मदर सिस्टर नेपाल नामक अनाथालयलाई रु.२,००,०००/– आर्थिक सहयोग गरिएको । कोभिड महामारी रोकथामका लागि शुक्लाफाँटा नगरपालिकालाई रु. ५०,०००/- बराबरको औषधी तथा स्वास्थ्य सामग्री उपलब्ध गराइएको ।


पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।
**P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : info@nepalstock.com**

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)

**पत्र संख्या :**

चलानी नं. :

| पछिल्लो ३ आर्थिक वर्षमा सेयर बजारका प्रमुख सूचक | | | |
|---|---|---|---|
| विवरण | आर्थिक वर्ष | | |
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| कारोबार रकम (करोडमा) | ११००६.७१ | १५५७६.०४ | १४६०००.९८ |
| कारोबार सेयर संख्या (हजारमा) | ३८७४६५.८१ | ४२८५२२.०४ | ३८७५०६.९२ |
| सूचिकृत सेयर सख्या (हजारमा) | ४२०६६०१.९८ | ४८२७५८१.५८ | ५८२६०४८.२६ |
| बजार पूँजीकरण मूल्य (करोडमा) | १५६७४९.९४ | १७९२७६.२६ | ४०१०९५.७८ |
| सूचिकृत कम्पनीको संख्या | २१५ | २१२ | २२० |
| नेप्से परिसूचक | १२५९.०२ | १३६२.३५ | २८८३.३८ |
| अनलाइन प्रयोगकर्ताको संख्या | १५७७६ | ३५११९ | ७९१९९३ |
| जम्मा लगानीकर्ताको संख्या | | २४५४७४ | ८७७२०३ |

मिति: २०७८/०४/११

मुराहरि पराजुली

प्रवक्ता


पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।

**P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.**

**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**

**email : info@nepalstock.com**